**भर्मोन्ट राज्य**

**सुपेरियर कोर्ट**
**युनिट**

**फ्यामिली डिभिजन**
**डकेट नं.**

| **विषय:** | **जन्म मितिः** |
|---|---|

# धर्मसन्तान ग्रहणपछिको सम्पर्क वा सञ्चारसम्बन्धी सम्झौता

यो सम्झौता निम्न व्यक्तिहरूको बीचमा गरिएको हो:

आमाबुबा: ______________________________

धर्मसन्तान ग्रहण गर्न चाहेका आमाबुबा: ______________________________

यो सम्झौता धर्मसन्तान ग्रहण गर्न चाहेका आमाबुबाले बच्चा ग्रहण गरिसकेपछि ______________________________
*(बच्चाको नाम)*

र माथि उल्लेख गरिएका आमाबुबाका बारेमा वा उनीहरूका बीचमा हुने सञ्चार वा सम्पर्कको बारेमा हो।

यो सम्झौता भर्मोन्ट कानुन, Title 33, Section 5124 बमोजिम गरिएको छ ।

**हरेक आमाबुबा र धर्मसन्तान ग्रहण गर्न चाहेका हरेक आमाबुबाले निम्न सर्तहरूलाई बुझ्नुहुन्छ र तिनीहरूमा सहमति जनाउनुहुन्छ:**

**A. यो सम्झौता स्वैच्छिक र लागू हुनेछ**

1. म सम्पर्क वा सञ्चारका लागि स्वेच्छापूर्वक यो सम्झौता गरिरहेको छु । मलाई कसैले पनि यो सम्झौता गर्न बाध्य पारिरहेको छैन ।
2. म यो सम्झौता पालना गर्न चाहन्छु ।
3. यो सम्झौता प्रोबेट अदालतमा लागू हुनेछ भन्ने कुरा म बुझ्दछु ।
4. सम्पर्क वा सञ्चारसम्बन्धी सहमति जनाइएको विवरण यस कागजातसँग संलग्न गरिएको छ ।

**B. सम्झौता अवधि र यसको प्रभाव**

1. यो सम्झौता निम्न सबै कुराहरू भएपछि मात्र लागू हुनेछ:
   a. यो सम्झौतामा हस्ताक्षर गर्ने आमाबुबाले स्वेच्छापूर्वक बच्चाको अभिभावकीय अधिकारहरू त्याग गर्नुहुन्छ;
   b. फ्यामिली कोर्टका न्यायाधीश यो सम्झौता बच्चाको सर्वोत्तम हितमा रहेको कुरासँग सहमत हुनुहुन्छ र उहाँले अदालतको आदेशमार्फत यो सम्झौता अनुमोदन गर्नुहुन्छ; र
   c. बच्चालाई भर्मोन्टमा कानुनी रूपमा यो सम्झौतामा हस्ताक्षर गर्ने धर्मसन्तान ग्रहण गर्ने आमाबुबाले ग्रहण गर्नुभएको छ ।
2. यो सम्झौता बच्चाको 18औँ जन्मदिनसम्म लागू रहनेछ । यदि धर्मसन्तान ग्रहण खारेज भएमा यो सम्झौता लागू हुन सक्दैन (यदि बच्चा धर्मधर्मसन्तान ग्रहण गर्ने आमाबुबाको संरक्षणमा नभएमा) ।

**C. अभिभावकीय अधिकार समाप्त गर्ने न्यायाधीशको आदेश अन्तिम हुनेछ**

1. म यो बुझ्दछु कि यदि धर्मसन्तान ग्रहण कार्य सम्पन्न नभए पनि, धर्म आमाबुबाले यस सम्झौताका सर्तहरू पालना गर्नुभएन भने पनि वा पछि धर्मसन्तान ग्रहण सम्झौता खारेज भए पनि अभिभावकीय अधिकारहरू समाप्त गरिसकेपछि पूर्ववत अवस्थामा फर्काउन सकिँदैन र स्थायी रहिरहनेछन् ।

**D. सम्झौतामा परिवर्तन वा कार्यान्वयन**

1. यस सम्झौतालाई अदालतले अनुमोदन गरिसकेपछि पहिलेका आमाबुबा र धर्म आमाबुबाले आपसी सहमतिमा सम्पर्कका सर्तहरू परिमार्जन गर्न सक्नुहुन्छ तर त्यस्तो कुनै पनि संशोधन अदालतमार्फत लागू हुन सक्ने छैन । पहिलेका आमाबुबाले यस सम्झौताका सर्तहरूलाई कार्यान्वयन गराउन सक्नुहुन्छ तर अदालतलाई यस सम्झौताका सर्तहरू परिमार्जन गर्नका लागि अनुरोध गर्न सक्नुहुन्न ।
2. धर्म आमाबुबाले यस सम्झौतालाई परिमार्जनका लागि अनुरोध गर्न सक्ने वा कुनै पनि पक्षले अदालतद्वारा यस सम्झौताको कार्यान्वयनका लागि अनुरोध गर्न सक्ने समयभन्दा पहिले यस सम्झौतामा हस्ताक्षर गर्ने पक्षहरूले मध्यस्थतामा वा उहाँहरूले आफ्नो

रोजाइको अन्य विवाद समाधान प्रक्रियामा अनिवार्य रूपमा सहभागी हुनुपर्छ । यदि यी प्रयासहरू सफल भएनन् भने एक पक्षले त्यस्तो कार्यवाहीका लागि अधिकारक्षेत्र भएको प्रोबेट अदालतलाई अनिवार्य रूपमा सम्पर्क गर्नुपर्छ । (यदि प्रोबेट अदालत रहेको स्थान थाहा भएन भने भर्मोन्ट एडप्सन रजिस्ट्रीले सो विवरण उपलब्ध गराउन सक्छ ।)

3. यदि प्रोबेट अदालतलाई सम्झौता लागू गर्न वा परिवर्तन गर्न अनुरोध गरिएमा अदालतले बच्चाको सर्वोत्तम हितलाई ध्यानमा राख्नेछ ।

**E. आमाबुबाका अधिकारहरू**

1. यदि धर्म आमाबुबाले सम्झौता पालना नगरिरहेमा पहिलेका आमाबुबाले प्रोबेट अदालतलाई यस सम्झौताका सर्तहरू लागू गराउन अनुरोध गर्न सक्नुहुन्छ । सम्झौता कार्यान्वयन गर्नु बच्चाको सर्वोत्तम हितमा रहेको कुरा प्रमाणित गर्ने भार पहिलेका आमाबुबामा रहनेछ ।
2. यो सम्झौताले आमाबुबालाई अर्को सहर, राज्य वा देशमा जान रोक्ने छैन ।

**F. धर्म आमाबुबाका अधिकारहरू**

1. यदि धर्म आमाबुबालाई यो बच्चाको सर्वोत्तम हितमा छ भन्ने लागेमा उहाँहरूले प्रोबेट अदालतलाई सम्झौता परिवर्तन गर्न वा अन्त्य गर्न अनुरोध गर्न सक्नुहुन्छ । यो बच्चाको सर्वोत्तम हितमा रहेको कुरा प्रमाणित गर्ने भार धर्म आमाबुबामा रहनेछ ।
2. यदि यस सम्झौतामा कुनै भेटघाटको योजना समावेश गरिएको छ भने धर्म आमाबुबाले बच्चा बिरामी भएको वा कुनै अन्य उचित कारण भएको अवस्थामा भेटघाट रद्द गर्न सक्नुहुन्छ । यदि पहिलेका आमाबुबा मदिरा वा लागू पदार्थको नसामा रहेको देखिएमा धर्म आमाबुबाले भेटघाट अस्वीकार गर्न सक्नुहुन्छ । पक्षहरूले धर्म आमाबुबाको बच्चासँग सम्बन्धित निर्णय बच्चाको सर्वोत्तम हितमा हुने कुरा स्वीकार गर्छन् ।
3. यो सम्झौताले धर्म आमाबुबालाई अर्को सहर, राज्य वा देशमा जान रोक्ने छैन ।

**G. धर्मसन्तान ग्रहणपछिको सम्पर्कका सर्तहरू**

**आमाबुबा र धर्मसन्तान गर्न चाहेका आमाबुबा निम्न प्रकारका सञ्चार वा सम्पर्कका लागि सहमत हुनुहुन्छ ।** कृपया सम्पर्क कति पटक हुनेछ (कहिले र कहाँ; दिनको समय, समयसम्बन्धी सीमाहरू), सम्पर्क कोसँग हुनेछ र बच्चा बाहेक अरू को-को उपस्थित हुनेछन् भन्ने बारेमा स्पष्ट हुनुहोस् ।

पत्राचार वा ईमेलमार्फत लिखित सम्पर्क । (यदि पक्षहरूले एक अर्कालाई पछिल्लो ठेगाना उपलब्ध नगराएको खण्डमा सामानहरू पठाउने दायित्वबाट पक्षहरू मुक्त हुनेछन् ।)

☐ लागू हुँदैन
☐ लागू हुन्छ र स्पष्ट रूपमा वर्णन गरिएको छ:

____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________

भर्मोन्ट एडप्सन रजिस्ट्रीमार्फत लिखित सम्पर्क । यदि यस्तो योजना गरिएको हो भने आमाबुबा र धर्म आमाबुबाले ठेगानामा कुनै परिवर्तन आएको खण्डमा भर्मोन्ट एडप्सन रेजिस्ट्रीलाई सूचित गर्नुहुनेछ । (यदि आमाबुबाले भर्मोन्ट एडप्सन रेजिस्ट्रीमा पछिल्लो ठेगाना उपलब्ध नगराएको खण्डमा सामानहरू पठाउने दायित्वबाट पक्षहरू मुक्त हुनेछन् ।)

☐ लागू हुँदैन
☐ लागू हुन्छ र स्पष्ट रूपमा वर्णन गरिएको छ:

____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________

DCF पहिचानजन्य जानकारी खुलासा फाराम एडप्सन रजिस्ट्रीलाई उपलब्ध गराइनेछ ।

फोन सम्पर्क (टेक्स्ट म्यासेज पठाउने लगायत)

- ☐ लागू हुँदैन
- ☐ लागू हुन्छ र स्पष्ट रूपमा वर्णन गरिएको छ:

______________________________________________________________________

व्यक्ति-उपस्थिति सम्पर्क (अरू को-को उपस्थित हुनेछन् वा हुन सक्नेछन्; को, कहाँ, कहिले, कसरी लगायत)

- ☐ लागू हुँदैन
- ☐ लागू हुन्छ र स्पष्ट रूपमा वर्णन गरिएको छ:

अन्य सम्पर्क (सबै प्रकारका इलेक्ट्रोनिक/मोबाइल सञ्चार डिभाइसहरू, सामाजिक सञ्जाल लगायत तर तिनीहरूमा मात्र सीमित नहुने)

- ☐ लागू हुँदैन
- ☐ लागू हुन्छ र स्पष्ट रूपमा वर्णन गरिएको छ:

अन्य सम्पर्क (क्रमशः)

- ☐ स्पष्ट रूपमा निम्न प्रकारका सम्पर्कलाई अनुमति छैन:

मैले/हामीले जानाजान र स्वेच्छापूर्वक यस सम्झौतामा हस्ताक्षर गरेका छौँ । यो सम्झौता करकाप, छली वा धम्कीको परिणामस्वरूप नभई मेरो स्वतन्त्र कार्यको रूपमा हस्ताक्षर गरिएको हो । म/हामी यस सम्झौतामा समावेश भएको बाहेक अन्य कुनै प्रतिनिधित्वहरूमा भरोसा गर्दैनौँ ।

मिति

बच्चाका आमा/बुबा
☐ मैले यस बारेमा वकिलसँग छलफल गर्ने अवसर पाएको थिएँ ।

मिति

बच्चाका आमा/बुबा
☐ मैले यस बारेमा वकिलसँग छलफल गर्ने अवसर पाएको थिएँ ।

मिति

धर्मसन्तान ग्रहण गर्न चाहेका आमा/बुबा

मिति

धर्मसन्तान ग्रहण गर्न चाहेका आमा/बुबा

**मेरा अगाडि हस्ताक्षर गरेर कसम खाएको:**

| *मिति* | *नोटरी पब्लिकको हस्ताक्षर* | *म्याद समाप्त हुने मिति* |
|---|---|---|
| | | |

**मेरा अगाडि हस्ताक्षर गरेर कसम खाएको:**

| *मिति* | *नोटरी पब्लिकको हस्ताक्षर* | *म्याद समाप्त हुने मिति* |
|---|---|---|
| | | |

म माथि उल्लेख गरे अनुसारको धर्मसन्तान ग्रहणपछिको सम्पर्क वा सञ्चार व्यवस्थासँग सहमत छु ।

मिति

DCF सोसल वर्करको हस्ताक्षर

मिति

अदालतद्वारा तोकिएका कानुनी अभिभावकको हस्ताक्षर

मिति

बच्चाका अटर्नीको हस्ताक्षर

यदि बच्चा 14 वर्ष वा सोभन्दा बढी उमेरको भएमा:

म,________________________________, माथि उल्लेख गरे अनुसारको धर्मसन्तान ग्रहणपछिको सम्पर्क वा सञ्चार व्यवस्थासँग सहमत छु ।
*(बच्चाको नाम)*

मिति

बच्चाको हस्ताक्षर